नेपाल सरकार

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

बेनी, म्याग्दी

पत्र संख्या:- ०७२/७३

चलानी:- ५८

मितिः- २०७२/०८/१३

**विषय:– मार्गदर्शन पठाइएको सम्बन्धमा ।**

श्री सा.ज.नै.जि.वि.स.का. प्रमुख विषयगत कार्यालय/संघसंस्था बेनी नगरपालिका
३४ गाउँ विकास समिति सबै ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९५ अनुसार आ.व. ०७३/७४ का लागि यस जिल्लाको वार्षिक जिल्ला विकास योजना तर्जुमा गर्नु भएकोले यही २०७२ पौष मशान्तभित्र सम्पन्न हुने नगर/गाउँ परिषद्‌हरुमा विषयविज्ञको रुपमा आवश्यक सहयोग गर्नु हुन र नगर/गाउँ परिषद् र इलाका गोष्ठी प्राथमिकताका साथ पेश हुन आएका कार्यक्रमहरुलाई यथासन्व आगामी वर्षको बजेट तथा कार्यक्रममा समावेश गरी चालु आ.व. २०७२/७३ का लागि अख्तियारीलाई नै आधार मानी सो मा १० प्रतिशत स्रोत अनुमान थप गरी वार्षिक कार्यक्रम र वजेट तर्जुमा गर्नका लागि जिविसवाट स्वीकृत मार्गदर्शन पठाई व्यहोरा समेत अनुरोध छ ।

**आगामी आ.व. २०७३/७४ को वार्षिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरु:–**

१. नगरपालिका तथा गाउँ विकास समितिको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया

- आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्ने ।
- आवश्यकता अनुसार बाह्य परामर्श सेवा प्राप्त गर्न सकिने ।
- **आयोजना प्राथमिकताका आधारहरु :-**

(क) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

(ख) गाउँका जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरिबी निवारणमा सहयोग पुर्‍याइने ।

(ग) कम लागत तथा बढी जनसहभागितामा संचालन हुने ।

(घ) स्थानीय साधन, स्रोत तथा सीपबाट संचालन हुने ।

(ङ) पिछडिएका तथा उत्पीडित जाति, महिला र बालबालिकालाई प्रत्यक्ष लाभ हुने ।

(च) वातावरण संरक्षणमा सघाउ पुर्‍याउने ।

- **आगामी वर्ष संचालन हुने योजनाको तर्जुमा गर्न चालू वर्षमा देहाय बमोजिम गर्नु पर्नेछ :-**

(क) यस वर्षको मार्ग महिनासम्ममा नगरपालिका तथा गाउँ विकास समितिले आगामी आ.व.को लागि मार्गदर्शन तथा साधन स्रोतको पूर्व अनुमान प्राप्त गर्नु नगरपालिका तथा गाउँ विकास समिति आफैले पनि आगामी आ.व.को सेवा तथा विकास कार्यक्रमको तर्जुमाको निमित्त विभिन्न वडा समितिलाई आयो छनौट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन उपलब्ध गराउनु पर्ने ।

(ख) वडा नागरिक मंच तथा नागरिक सचेतना केन्द्र लगायत तल्ला तहबाट आवश्यकता महसुस गरिएका योजनाहरुलाई प्राथमिकतामा राख्ने ।

(ग) नगरपालिका तथा गाउँ विकास क्षेत्रका वडा समितिहरु, उपभोक्ता समितिहरु र गैर सरकारी संस्था एवं सामुदायिक संगठनहरुबाट आयोजनाहरु माग गरी सो आधारमा योजना तर्जुमा गर्नु पर्नेछ ।

- **वार्षिक योजना तर्जुमा गर्दा लिनुपर्ने आधारहरु :-**

(क) राष्ट्रिय विकास नीति सम्बन्धमा जिल्ला विकास समितिबाट प्राप्त निर्देशनहरु ।

(ख) आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरु ।

(ग) वडा समितिबट प्रप्त सुझावहरु

- प्रत्येक नगरपालिका तथा गाउँ विकास समितिले आफ्नो क्षेत्रको विकासका निम्ति नगर तथा गाउँस्तरीय वस्तुगत तथ्याङ्क संकलन गरी नगर तथा गाउँको वस्तुस्थिति देखिने स्रोत नक्सा तयार गर्नु पर्ने ।
- आयोजनाको सम्भाव्यता अध्ययनका आधारहरु:- नगरपालिका तथा गाउँ विकास समितिले आफ्नो योजना कार्यान्वयन गर्ने क्रममा देहाय बमोजिमका कुराहरु समेत खुलाई आयोजनाको सम्भाव्यता अध्ययन गर्नु गराउनु पर्नेछ :-

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) छनौट गर्न लागिएको आयोजना नयां हो वा अधुरो हो,

(घ) आयोजना संचालन नगरी अन्य कुनै उपायबाट आवश्यकताको पूर्ति वा समस्या समाधान हुन्छ, हुँदैन,

(ङ) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च तथा सामग्रीको मूल्य तथा लाग्ने समयको अनुमान,

(च) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(छ) उपभोक्ताबाट उठ्न सक्ने शुल्क वा मर्मत सम्भार खर्च वा संचालन व्यवस्था, र

(ज) अन्य खुलाउनु पर्ने कुनै कुरा भए सो ।

- **आयोजनाको छनौटका आधारहरु**

क) स्रोत नक्सा र आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा गर्नु पर्ने ।

ख) आयोजना छनौट गर्दा वातावरण संरक्षण तथा सम्वर्द्धन गर्ने किसिमले आयोजना छनौट गर्नु पर्ने ।

ग) आयोजना छनौट गर्दा बढीभन्दा बढी स्थानीय बासिन्दाहरुको सहभागिता र श्रम प्राप्त हुने आयोजनाहरु छनौट गर्नु पर्ने ।

घ) नगरपालिका तथा गाउँ विकास समितिलाई प्राप्त हुने अनुदानको अनुमान प्राप्त भएपछि प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्ने ।

ङ) छनौट भएका आयोजनाको जानकारी गाउँबासीहरु बीच सार्वजनिक गराउनु पर्ने ।

- नगरपालिका तथा गाउँ विकास समितिले आफ्नो योजना र सेवा कार्यक्रम तर्जुमा गर्दा आफ्नो क्षेत्रमा विभिन्न सेवा र विकास कार्यक्रमहरु कार्यान्वयन गर्ने सरकारी, गैर सरकारी तथा दातृ संस्थासंग समन्वय कायम गर्नु पर्नेछ ।
- समग्रमा नगरपालिका तथा गाउँ विकास समिति र विषयगत कार्यालयहरुले कार्यक्रम र योजना तर्जुमा गर्दा जिल्ला विकास समितिले निर्धारण गरेको आगामी लक्ष्यलाई मध्यनजर गरी योजना तर्जुमा गर्नुपर्ने छ ।

**२. जिल्ला परिषदबाट पारित आ.व. २०७२/७३ को नीतिहरुलाई आधार मानी आगामी आ.व.को योजना तथा कार्यक्रम तजुमा गर्नुपर्ने**

- सहस्राब्दी विकास लक्ष्यलाई मध्यनजर गर्दै सन २०१५ सम्ममा सबैको पहुंच स्वास्थ्य सेवामा पुऱ्याइने ।
- म्याग्दी जिल्ला खुला दिसामुक्त जिल्ला घोषणा भै सकेको सन्दर्भमा Post ODF क्रियाकलाप संचालन गर्दै पूर्ण आनिबानी परिवर्तनका क्रियाकलाप संचालन गर्ने । नगरपालिका तथा गाविसहरुले प्राप्त पूँजिगत अनुदानको कम्तीमा १० प्रतिशत रकम सरसफाई क्षेत्रमा विनियोजन गर्नुपर्ने ।
- लक्षित वर्गको सशक्तिकरणका लागि उपयुक्त कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय निकायसंगको समन्वय र साझेदारीमा कृषि विकास प्रबर्द्धन गर्ने, कृषि समिति/संजाल मार्फत कृषि प्रविधि प्रसार गर्दै कृषिको उत्पादन, विविधिकरण र व्यवसायिकरण गर्ने तथा कृषि जैविक बिबिधताको संरक्षण, सबर्द्धन र सदुपयोगमा विशेष जोड दिने कार्यक्रमहरु संचालन गर्ने । । नगरपालिका तथा गाविसहरुले गाविसलाई प्राप्त पूँजिगत अनुदानको कम्तीमा १५ प्रतिशत रकम कृषि क्षेत्रमा विनियोजन गर्नुपर्ने ।
- सडकतर्फ जिल्ला यातायात गुरुयोजनामा प्राथमिकता र बर्गिकरण गरिए बमोजिम सडक संजाल विस्तार गर्दै लगिने र सन २०२० सम्म सबै गाविसलाई कच्ची सडकले जोड्ने नीति अनुरुप बजेट तथा कार्यक्रम तर्जुम गर्ने ।
- विपद व्यवस्थापन तथा वातावरणमैत्री रुपमा योजना तथा कार्यक्रम संचालन गर्ने ।
- अल्पसंख्यक र आर्थिक रुपले पिछडिएका जातजाति र समुदायको उत्थान सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- जातिय छुवाछुतको अन्त्य गर्न सामाजिक जनचेतना कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।
- मानवाधिकारको संरक्षण र मानव बेचबिखन रोकथाम सम्बन्धमा ध्यान दिने ।
- स्थानीय उपभोक्ता समूहलाई शसक्तिकरण गरी बिकास आयोजनाहरुको दिगोपनामा जोड दिने ।

➢ न.पा. तथा गा.वि.स.बाट सम्पादन हुने कार्यहरुमा सूचनाप्रविधीको प्रयोगलाई अवलम्बन गर्ने ।

➢ जिबिस तथा गाबिसको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन (MCPM) का सूचकहरुको अबलम्बन गर्दै स्थानीय स्वायत्त शासन पद्धतिको प्रभावकारित जोड दिने ।

३. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम कार्यक्रम तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने ।

४. न.पा., गाविसहरु तथा विषयगत कार्यालयहरुले आ.व. २०७३/७४ को लागि चालु आ.व. २०७२/७३ मा प्राप्त बजेट अख्तियारीलाई आधार मानी त्यसमा १० प्रति थप गरी कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ।

५. जिविस, न.पा. तथा गाविसहरुले स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम कार्यक्रम तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने ।

६. निर्दिष्ट ऐन, नियम, मार्गदर्शन, नीति, त्रिवर्षिय अन्तरिम योजना, राष्ट्रिय योजना आयोग तथा विभिन्न मन्त्रालयबाट प्राप्त बजेट तथा मार्गदर्शन, जिल्लाका गुरुयो लगायत अन्य विषयगत गुरुयोजना तथा आवधिक योजना र स्थानीय आवश्यकता समेतलाई ध्यान दिइ वस्तुगत योजना तर्जुमा गर्नु पर्नेछ ।

७. गाउँ विकास समिति, न.पा., जि.वि.स. लगायत अन्य निकायहरुसंगको साझेदारीमा संचालित कार्यक्रममा गरेको प्रतिवद्धता अनुसार अनिवार्य रुपमा सम्पूरक र (Matching Fund) को लागि बजेट विनियोजन गर्ने । जस्तैः खानेपानी तथा सरसफाई कार्यक्रम, स्थानीय विकास कोष, ग्रामिण उर्जा विकास कार्यक्रमको ल आवश्यक पर्ने म्याचिङ फण्ड सम्बन्धित गा.वि.स.ले अनिवार्य विनियोजन गर्ने ।

८. सूचना र प्रविधिको भरपुर उपयोग गरी सार्वजनिक सेवा सुविधा प्राप्ति र प्रवाह एवं विकास प्रक्रियामा सहजता ल्याउन यस जिल्लालाई फ्रि वाईफाईयुक्त जिल्ला बन जिबिसको समन्वयमा न.पा., गाविस, बिषयगत कार्यालय, गैसस, सहकारी, निजी क्षेत्र तथा गैर अवासिय नेपाली/प्रवासी संघ म्याग्दीको साझेदारीमा आवश क्रियाकलाप संचालन गर्न चालु आ.व. २०७२।७३ देखि नै रकम विनियोजन गर्ने । साथै जिल्लाको विकासमा क्रियाशिल पत्रकारहरुको ब्यबसायिक शिप दक्षत बिकास तथा उत्प्रेरणाका लागी आवस्यक क्रियाकलाप संचालन गर्ने ।

९. आदिवासी जनजाति, दलित, उपेक्षित, अपाङ्ग, बालबालिका तथा महिला, द्वन्द्वपिडित लगायतका सामाजिक एवं आर्थिक रुपले ज्यादै पछाडि परेका क्षेत्रको बिकास लागि तोकिएका कार्यक्रमहरुलाई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

१०. स्थानीय जनतालाई आवश्यक भएका जनस्वास्थ्य, मातृशिशु कल्याण, एचआइभि एड्स नियन्त्रण एवं शिक्षा, कृषि, पशु सेवा, स्वास्थ्य, वन तथा वातावरण, भुसंरक्ष खानेपानी तथा सरसफाई, लघु, घरेलु तथा साना उद्यम विकास कार्यक्रम, व्यवसायिक ज्ञान सिप, स्वरोजगार मुलक कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।

११. भू-क्षय, बाढी पहिरो रोकथाम, नदी नियन्त्रण एवं भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा जोड दिइनेछ । म्याग्दी जिल्ला भू-क्षय, बाढी र पहिरोको उच्च जोखिम भएकोले विकास निर्माण कार्य गर्दा खास गरी ग्रामिण सडक खन्दा जथाभावी डोजर, एल्साभेटर लगाउँदा भू-क्षय, पहिरोको समस्या बढेको हुनाले हरित सडक अवधारणालाई जोड दिइनेछ । खनिएका ग्रमिण सडकलाई दिगो बनाउन पानी तर्काउन नाली निर्माण र सडकको दुबै साइडमा हरियाली बनाउन आवश्यक क्रियाकल संचालन गर्ने । जोखिममा परेका परिवार व्यक्तिहरुको राहत तथा पुनः निर्माण जस्ता कार्यक्रम संचालन गर्न प्रकोप व्यवस्थापन कोष खडा गरी रकम विनियोजन गर्ने ।

१२. क्रमागत योजनालाई प्राथमिकता दिई अनिवार्य रकम विनियोजन गर्ने ।

१३. चाडो प्रतिफल दिने खालका योजनालाई प्राथमिकता दिने ।

१४. स्थानीय स्रोत साधन एवं सीपबाट निर्माण हुने एवं तत्काल सेवा सुविधा पुऱ्याउन सक्ने कार्यक्रम कार्यान्वयनमा जोड दिने ।

१५. कार्यक्रम तर्जुमा गर्दा उपलब्ध साधन स्रोतको सिमिततालाई ध्यानमा राखी प्रभावकारी कार्यान्वयन र ठोस उपलब्धि हाँसिल गर्ने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ ।

१६. बढी जनसहभागिता जुट्ने योजनालाई प्राथमिकता दिने ।

१७. आर्थिक क्रियाकलाप अभिवृद्धि तथा कृषि उत्पादन र बजारको सम्बन्ध बढ्ने योजनालाई प्राथमिकता दिनुपर्नेछ । सहकारिताको बिकासमा जोड दिइनेछ ।

१८. वस्तुगत विवरण तयार गर्न बाँकी भएका न.पा. तथा गा.वि.स.ले आ.व. २०७२/७३ भित्रमा वस्तुगत विवरण तयार गर्न आवश्यक व्यवस्था गर्ने । साथै वस्तुगत वि तयार गै सकेका स्थानीय निकायहरुले २ बर्ष पुगेपछि अध्यावधिक गर्ने ।

१९. म्याग्दी जिल्ला कृषि तथा पशुपालन ब्यवसाय र बनना आधारित लघु उद्योगको राम्रो सम्भावना रहेको हुंदा दिगो कृषि तथा पशु विकास, लघु उद्यम विकास, हस्तक प्रबर्द्धन, दुग्ध उत्पादनलाई प्रोत्साहन गर्ने जस्ता कार्यक्रम संचालन मार्फत स्वरोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने क्रियाकलाप प्राथमिकताका साथ योज समावेश गर्नु पर्नेछ । जिल्लामा Agro Tourism/Organic Farming लाई प्रोत्साहन गर्ने साथै स्थानीय रुपमा उत्पादन हुने स्थानीय आलु, सीमी, डालेचुक, कांडे जस्ता कृषिजन्य उत्पादनको प्रबर्द्धन तथा प्याटेन्ट राइट समेतमा आवश्यक ध्यान दिइनेछ ।

२०. म्याग्दी जिल्ला प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक, पुरातात्विक क्षेत्र भएकोले उक्त क्षेत्रका ऐतिहासिक संस्कृतिहरुको संरक्षण र सम्बर्द्धन गर्न ध्यान पुऱ्या पर्नेछ । संभाव्यता अध्ययन गरी जिल्लाको वस्तुस्थिति झल्कीने गरी संग्रालय स्थापना सम्बन्धी प्रक्रिया अघि बढाउन पहल गर्ने ।

२१. उपभोक्ता समिति गठन गर्दा गा.वि.स. सचिव वा सामाजिक परिचालकको रोहवरमा योजनाबाट लाभान्वित हुने उपभोक्ताहरु र जिल्लामा क्रियाशील राजनैतिक दल स्थानीय प्रतिनिधिहरु समेतको भेला गराई महिला, दलित, जनजातिहरु समेतको प्रतिनिधित्व हुने गरी समावेशी ढंगले गठन गर्न सहयोग पुऱ्याउने । स्थानीय निका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रूपमा स्थानीय निकायको कुनै पनि पदमा आसिन व्यक्ति, बहालबाला सरकारी कर्मचारी, शिक्षक, नि व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्य सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने व्यवस्थालाइ कडाइका साथ लागु गर्ने । साथै स्थानीय निकाय श्रोत परिचालन ब्यवस्थापन कार्यविधी २०६९ अनुसारका उपभोक्ता समिति गठनका सबै प्रावधानहरुलाइ पालना गर्ने ।

२२. जि.वि.स. न.पा. तथा गा.वि.स.बाट कार्यक्रम स्वीकृत नगराई आफुखुसी संचालन गर्ने भौतिक पूर्वाधार लगायतका योजनामा आर्थिक सहयोग नगर्ने।

२३. विगत अनुभवबाट प्रभावकारी देखिएका कार्यक्रमलाई निरन्तरता दिने र प्रभावकारि नदेखिएका कार्यक्रनको बारेमा व्यापक विश्लेषण गरेर सुधारका साथ अगाडि लै पर्ने।

२४. गैर सरकारी संस्थाहरुले कार्यक्रम संचालन गर्दा जि.वि.स., न.पा., गा.वि.स. तथा सम्बन्धित विषयगत कार्यालयसंग समन्वय गरेर दोहोरोपना नपर्ने गरी मात्र संचा गर्नुपर्नेछ। साथै गैससले कार्यक्रम संचालन गर्नु भन्दा अगाडि नै जिल्ला परिषद्बाट अनुमोदन गरेर मात्र संचालन गर्नुपर्नेछ। जिल्ला परिषद्मा कार्यक्रम र बजेट पेश न गैससलाई नविकरणमा जि.वि.स.बाट सिफारिस गरिने छैन्।

२५. जि.वि.स.मा गठन गरिएको गै.स.स. डेस्कलाई सबलिकरण गरी गै.स.स.बाट संचालित कार्यक्रमहरुको अभिलेख, समन्वय, सुपरिवेक्षण, अनुगमन प्रक्रिया प्रभावक बनाइनेछ।

२६. विषयगत कार्यालय अन्तर्गतका सेवा केन्द्रहरुले गाउं परिषद्मा विषयविज्ञको रुपमा योजना तर्जुमामा सहयोग पुर्‍याउनु पर्नेछ।

२७.सामाजिक सुरक्षा वापत प्रदान गरिने भत्ताको नामनामेसी सहितको विवरण न.पा. तथा गा.वि.स.ले गाउँ/नगर परिषद्मा पेश गर्नु पर्नेछ।

२८. पर्यटन तथा लघु उद्यम सम्बन्धी कार्यक्रम संचालन गर्दा जुनसुकै निकायले पनि तत सम्बन्धी गुरु योजना तथा रणनीतिको भावना बमोजिम जि.वि.स.सँग समन्वय गर्नुपर्नेछ।

२९. हरेक वस्तीस्तरमा सामुदायिक संस्थाहरुको गठन परिचालन र क्षमता विकास गरी उनीहरुकै अगुवाईमा एक गाउँ एक समूह एक योजना नीति अवलम्बन गर्दै विक कार्यक्रम संचालन गर्ने।

३०. माथि उल्लेखित विषयका महिला, दलित, जनजाति, बालबालिका, जेष्ठ नागरिक, द्धन्दपीडित, असहाय, अपाङ्ग, सामाजिक हिसाबले सिमान्तकृत वर्गका लागि लक्षि गरी कार्यक्रम बनाई बजेट विनियोजन गरेमा जिविस कोषबाट पनि प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ।

३१.महिला, दलित, जनजाति तथा अपाङ्गहरुको सशक्तिकरण/क्षमता अभिबृद्धि एवं आयआर्जनका लागी सरकारी, गैसस संगको सहकार्यमा कार्यक्रमहरु संचालन गर्ने स गाबिस एवं जिबिसबाट संचालन हुने योजना तथा कार्यक्रमहरु स्थानीय संगठीत संस्थाहरु जस्तै आमा समूह, सहकारी संस्था, युवाक्लव मार्फत कार्यान्वन गर्न प्रौत्साहि गर्ने।

३२ . स्थानीय उपभोक्ताहरुबाट आफ्नै लगानीबाट संचालन एवं कार्यान्वन गर्ने आयोजनामा समेत प्राविधिकको सुपिरवेक्षण जाँचपास बिना ग्रानिण सडक निर्माणमा जथाभा भारी यन्त्र डोजरको प्रयोग गर्दा त्यस क्षेत्रमा पर्न जाने बाढीपहिरो, भुक्षयको जोखिम र धनजनको क्षति समेत हुन जाने हुदा सडक तथा अन्य प्रयोजनको लागी डोज स्काभेटर लगायतका भारि उपकरण प्रयोग गर्दा विबिस तथा नपाबाट अनिवार्य पूर्वस्विकृती लिएर मात्र प्रयोग गर्ने।

३३ साक्षरता अभियान संचालन गरी निरक्षरता उन्मुलन गर्दै साक्षर गाबिस घोषणा गर्ने कार्यलाइ अभियानको रुपमा स्थानीय निकाय एवं बिषयगत कार्यालयहरुले कार्यक्रम संचालन गर्ने साथै गाबिसहरुमा रहेका पूर्व प्राथमिक बिचालयहरुलाइ सवलीकरण गर्दै र बिद्यालय छाड्नेदरलाइ कम गर्ने गरी कार्यक्रम संचालन गर्ने।

३४ सामाजिक परिचालन कार्यक्रमलाइ अझ प्रभावकारी वनाउँदै समाजमा बिद्यमान वालविवाह, लैङ्गिक हिंसा, सार्वजिनक स्थलहरुमा धुम्रपान मध्यपान गर्ने वानीको अन्त लगायतका सामाजिक विकृती विसंगती अन्त्य गर्ने दिशामा वडा समिति, वडा नागरिक मंच तथा नागरिक सचेतना केन्द्रहरु लगायत सबै समुदायमा अधारित संस्थाहरुलाइ परिचालन गर्ने।

३५. जिल्लाको भावी कार्यदिशा र मार्गदर्शनको रुपमा जिल्ला विकासका लागि देहायका नीति अख्तियार गरिनेछ।

१. संभाव्यताको आधारमा कृषि र पशुपालनको व्यवसायीक विकास गर्ने।

२. प्राकृतिक सौन्दर्य, धार्मिक, तथा पर्यटकीय दृष्टिकोणबाट महत्वपूर्ण क्षेत्रहरुको संभावनाका आधारमा पर्यटन बिकासमा जोड दिने।

३.जलश्रोतको उपयोगगरी जिल्लामा जलबिद्युत उत्पादनमा लगानीकर्तालाई आकर्षित गर्ने आवस्यक पर्ने वातावरण वनाउन नेतृत्वदायी भुमिका निर्वाह गर्ने।

४. प्रचुर जलश्रोतको उपयोग गर्न सकिने संभावनालाई दृष्टिगत गरी जिल्लामा जलविद्युत विकासको विशेष पहल गर्ने। जिल्लामा रहेको जलस्रोतको पुरा उपयोग ग सन्दर्भमा निजी क्षेत्रले संचालन गर्ने योजनाहरुमा पनि जिल्ला विकास समितिले लगानी गर्ने नीति अवलम्बन गरिनेछ।

५. जिल्लाको स्रोत साधन, उपलब्ध कच्चा पदार्थ, श्रम सीप र उद्यमशिलताको अधिकतम उपयोग गरी हस्तकला, लघुउद्यम, गैरकाष्ट वन उद्यम, खनिज उत्खन जडिबुटी संकलन आदि कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने।

६. संभावना, स्रोतसाधन र विकास पूर्वाधारको आवश्यकताका आधारमा जिल्लाको सडक, खानेपानी, सिंचाई र विद्युत पूर्वाधारको विकास र विस्तार गर्ने।

७. पूर्वाधारजन्य योजना संचालन गर्दा वातावरणीय क्षतिलाई न्यून गरी बातावरण मैत्री विकासमा जोड दिन वातावरण व्यवस्थापन योजना (Environ Management Plan) बनाउने । त्यसका लागि पूर्वाधारजन्य योजनाको लगत ईष्टिमेटमा नै वातावरण संरक्षणका क्रियाकलाप (Environment Safeg Measure) संलग्न गर्ने । साथै सडक निर्माण गर्दा कम्तीमा ५ प्रतिशत रकम वातावरणीय संरक्षणमा छुट्टयाउनु पर्ने ।

८. सबै क्षेत्रको समग्र दिगो विकासमा सरकारी, गैर सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्य र सहभागितालाई प्रोत्साहन गर्ने र सम्पादित कार्यको नियमित अनुग परिपाटी बसाल्ने ।

९. विकासका निम्ती स्रोत साधनको बढोत्तरी गर्न, परनिर्भरता घटाउन र वित्तिय सक्षमता अभिबृद्धि गर्न प्रचलित कानूनी व्यवस्थाको क्षेत्राधिकार भित्र रही स्थ सम्भाव्यताका आधारमा स्थानीय निकायले आन्तरिक स्रोत बढाउने कार्यलाई प्राथमिकता दिने ।

१०. जिल्लाका बिभिन्न भेगमा पाइने टिम्मुर, अल्लो, च्याउ, यार्सागुम्बा लगायतका जडिबुटी आदि वस्तुको संकलन प्रशोधन, व्यवसायीक रुपमा च्याउ, कुरिलो फलफूल, सिस्नु संकलन, प्रशोधन र प्याकेजिङ जस्ता कार्यलाई स्थानीय संभाव्यताका आधारमा स्वरोजगारी र आय आर्जनमा टेवा पुग्ने गरी विकास र विस्त । साथै जिल्लामा संभावनाका रुपमा रहेका शुन्तला, हरियो तरकारी, आलु, बदाम, बेसार र अदुवा खेतीमा जिल्लालाइ आत्मनिर्भर बनाउने, व्यवसायिक उ गर्ने र वजार विस्तार गर्ने कार्यलाई प्राथमिकता दिने ।

११. दिगो विकासका लागि वातावरण संरक्षण, यथासक्य श्रममूलक प्रविधिको उपयोग, खाद्य असुरक्षाको न्यूनीकरण, जलवायु परिवर्तनको नकारात्मक असर न्यूनी एवं जलवायु परिवर्तन अनुकूल हुन सक्ने खालका योजना तथा कार्यक्रम तर्जुमामा ध्यान दिई विकास कार्य संचालनमा जोड दिने । एक गाँउ एक पोखरी का बनाइ अभियानको रुपमा लागु गर्ने । साथै सभा समारोहमा बढ्दो मात्रामा प्रयोग भै आएको बातावरणमा समेत नकारात्मक असर गर्ने आयातित खादा संस्कृ दुरुत्साहन गरि स्थानीय लघु उद्यमबाट उत्पादित सामाग्रीको प्रयोग गर्न प्रोत्साहन गर्ने ।

१२. नगर तथा गा.वि.स.लाइ बालमैत्री स्थानीय निकाय घोषणा गर्न तथा बालबालिका सम्बन्धी कार्यक्रम सघन एवं व्यवस्थितरुपमा संचालन गर्न बाल अधिकार सं तथा सम्बर्द्धन कार्यक्रम निर्देशिका, २०६५ र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको व्यवस्था बमोजिम नगर तथा गा.वि.स. समितिहरु गठन गरी क्रिया गर्ने ।

१३. एक गाउँ एक उत्पादन (One Village One Product–OVOP) लाई एकिकृत रुपले सघन प्राथमिकता प्रदान गर्ने । साथै सम्भाव्य आधारमा होमस्टे संचालन गर्ने कार्यलाइ प्राथमिकताका साथ अगाडि बढाउने ।

१४. सामाजिक विकासको क्षेत्रलाई गति दिनका लागि शिक्षा, स्वास्थ्य, यूवा तथा खेलकूद, साहित्य, खानेपानी सरसफाइ र संचारका क्षेत्रगत कार्यक्रमलाई जिल आवश्यकता र संभाव्यताका आधारमा प्राथमिकताका साथ अगाडि बढाउने ।

१५. जिल्लालाई घरभित्रको धुंवारहित गा.वि.स. घोषणा गर्नका लागि "एकघर एक सुधारिएको चुलो" अभियानको रुपमा संचालन गर्ने । कार्वन व्यपार सम कार्यविधि बमोजिम जिल्लाको स्रोत संकलन र परिचालन तर्फ आवश्यक ध्यान दिइनेछ ।

१६ पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तनका क्रियाकलापहरु संचालन गर्दा पशुपंक्षीको मलमुत्र व्यवस्थापन र गोठ सुधारका कुराहरुलाइ न्यूनतम सूचकको रुपमा गर्ने ।

१७. जि.वि.स. न.पा. तथा गा.वि.स. एवं अन्य निकायहरुबाट संचालित कार्यक्रममा नियमिति र प्रभावकारी अनुगमनका लागि कार्यविधि नै तय गरी कार्य बढाइनेछ

१८.विषयगत निकायहरुको सहकार्य, साझेदारी र समन्वयमा विकास कार्यक्रमहरुको प्रभावकारिता अभिबृद्धिमा जोड दिने ।

.........................

(चिरञ्जीवी पौडेल)

स्थानीय विकास अधिकारी

# जिल्ला विकास समितिको कार्यालय, म्याग्दी

# योजना माग फाराम

| गाविस।इलाका | | आ.व. | प्राथमिकताका आधारहरु | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विषयगत क्षेत्रः सडक/भवन/झो.पु./घोडेटो बाटो/संचार/पर्यटन/विद्युत र वैकल्पिक उर्जा/शिक्षा/खेलकूद/खानेपानी/सरसफाई/स्वास्थ्य/महिला विकास/बालबालिका/दलित/जनजाति/अपाङ्ग/कृषि/पशु सेवा/सिंचाई/उद्योग/ मानव संसाधन विकास/ वन/ भू-संरक्षण नदी नियन्त्रण/ अन्य | | | | | | | | | | | | | |
| | योजना/कार्यक्रमको नाम | गाउँ/ वार्ड/स्थान/बस्ती | तत्काल फाइदा (उत्पादन र छिटो प्रतिफल दिने) तत्काल फाइदा दिने-१० दिर्घकालीन फाइदा दिने-५) | रोजगारी प्रवर्द्धक (आयोजना संचालन र सम्पन्न भएपछि पनि रोजगारी सृजना हुने-१०, संचालनमा मात्र लाभ हुने-५, दिगो नहुने-१) | आयमूलक (आयआर्जनमा प्रत्यक्ष र धेरै योगदान गर्ने-१०, आयआर्जनमा अप्रत्यक्ष योगदान गर्ने-५, योगदान नगर्ने-१) | जनसहभागिता (५० प्रतिशत भन्दा बढी योगदान गर्ने-१० केही योगदान गर्ने-५ कुनै योगदान नगर्ने-१) | स्थानीय सीप, साधन र क्षमता प्रयोग (अत्यधिक प्रयोग-१०, आंशिक प्रयोग हुने-५, प्रयोग नहुने-१) | वातावरणीय संरक्षण तथा सम्वर्द्धन एवं जलवायु परिवर्तन सम्बोधन (धेरै र तत्काल बचाउने-१०, थोरै बचाउने-५, नबचाउने-१) | लैंसस उत्तरदायी (प्रत्यक्ष उत्तरदायी भएमा-१०, अप्रत्यक्ष उत्तरदायी भएमा-५, तटस्थ भएमा-१) | *लक्षित वर्गलाई लाभ पुग्ने (प्रत्यक्ष लाभ-१०, आंशिक लाभ-५, लाभ नपुग्ने-१) | जम्मा प्राप्ताङ्क (८०) | प्राथमिकीकरण नं. | माग गर्ने निकाय |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**कार्यक्रम वा आयोजनाको प्राथमिकताक्रम निर्धारणः-** १) गाउँ विकास समितिले ऐनको दफा ४३ को उपदफा (३) र (६), नगरपालिकाले ऐनको दफा १११ को उपदफा (४) र जिल्ला विकास समितिले ऐनको दफा २०१ मा उल्लिखित आधारहरु लगायत देहायका आधारमा कार्यक्रम वा आयोजनाहरुको प्राथमिकीकरण गर्नुपर्नेछः-

क) क्रमागत एवम् अधुरा रहेका कार्यक्रम वा आयोजनाहरु तथा थोरै रकममा मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउन सकिने कार्यक्रम वा आयोजनाहरु, ख) आवधिक गाउँ विकास योजना, आवधिक नगर विकास योजना र आवधिक जिल्ला विकास योजना तथा जिल्ला यातायात गुरुयोजना र अन्य क्षेत्रगत आवधिक योजनाले निर्दिष्ट गरेका विषयहरु, ग) सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका लक्षित समूहका मागलाई सम्बोधन गरिने विषयहरु, घ) स्थानीय स्रोत, साधन, श्रम ,सीप र प्रविधि प्रयोग हुने प्रकृतिका तथा तत्काल रोजगार सृजना गर्ने एवम् आय आर्जनमा बढवा दिने विषयहरु, ङ) प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैर कृषि र सेवा क्षेत्रका कार्यक्रम वा आयोजनाहरु, च) स्थानीय निकायको आन्तरिक आय वृद्धि गर्ने कार्यक्रमहरु, छ) समान प्रकृतिका आयोजनाहरुमध्ये बढी जनसहभागिता एवम् लागत सहभागिता जुटाउन सकिने आयोजनाहरु, ज) व्यक्तिगत घटना दर्ताबाट प्राप्त जनसांख्यिकिय स्थितिलाई आधार मानी शिक्षा, स्वास्थ्य, पोषणसँग सम्बन्धित आयोजनाहरु संचालन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको आधारमा कार्यक्रम वा आयोजनाहरु छनौट गर्दा गरिबी नक्साङ्कन वा विपन्नता नक्साङ्कन आदि समेतको आधारमा तुलनात्मक रुपमा अति गरिब, विपन्न तथा वञ्चितीकरणमा परेका वर्गहरुको पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

३) जिल्ला यातायात गुरुयोजनामा नगरपालिका क्षेत्रभित्रका सडकहरु समावेश नभएको भए नगरपालिका क्षेत्रभित्रका सडकहरुलाई समेत समेटी अद्यावधिक गर्ने ।

* लक्षित वर्ग भन्नाले आदिवासी, जनजाति, मधेसी, मुस्लिम, पिछडिएको वर्ग, महिला, जेष्ठ, अन्धा अपाङ्ग तथा बालबालिका बुझिनेछ ।